# तादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

खरानीटार, नुवाकोट

**आन्तरिक आयको सिलबन्दी दरभाउपत्र आह्वानको सूचना**

**(प्रथम पटक प्रकाशित मिति २०७९/०७/२८ गते)**

**आ.व. २०७९/०८० को नदीजन्य सामाग्रीको संकलन तथा विक्रि कर एवं कवाडि तथा अन्य सामाग्रीहरुको निकासी कर उठाउने ठेक्का बन्दोबस्त सम्बन्धी सूचना**

तादी गाउँ कार्यपालिकाको कार्यालय, नुवाकोटले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को घ (६), सार्वजनिक खरिद ऐन तथा नियमावली, तादी गाउँपालिकाको राजस्व परामर्श समितिको मिति २०७९/०६/३१ को बैठकको सिफारिस एवं गाउँ कार्यपालिकाको मिति २०७९/०७/०६ गतेको निर्णय बमोजिम आ.ब. २०७९/०८० को लागि तादी गाउँपालिकाको क्षेत्राधिकार भित्र रहेका नदीको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) मा उल्लेखित देहायको परिमाणको ढुङ्गा, बालुवा, रोडा, गिट्टी, ग्राभेल आदि नदीजन्य पदार्थहरुको संकलन तथा विक्री कर असूली सम्बन्धी कार्यहरु एवं कवाडी तथा अन्य वस्तुहरुको निकासी कर संकलन गर्नको लागि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ । इच्छुक फर्महरुले यो सूचना प्रकाशित मितिले १५ दिन(मिति २०७९/०८/१२ गते) कार्यालय समयभित्र यस कार्यालयमा रु.१०००।०० एक हजार (फिर्ता नहुने गरी) नगद बुझाई विड डकुमेन्ट खरिद गर्न सक्नेछ र चालु आ.व. सम्मको नविकरण भएको ईजाजतपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०७८/७९ को करचुक्ता/म्याद थप प्रमाणपत्र सहित बोलपत्र फारम भरी १६ औं दिन (मिति २०७९/०८/१३) दिनको १२:०० बजेसम्म आफूले कबोल गरेको अङ्कको ५% धरौटी रकम कृषि विकास बैंक लि. खरानीटार शाखामा रहेको धरौटी खाता नं. ०२१३३००९८५८५००१९ मा नगदै दाखिला गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त "क" वर्गको बाणिज्य बैंकहरुबाट जारी भएको ९० दिन म्याद भएको सक्कलै बैंक ग्यारेन्टी (Bid Bond) संलग्न राखी यस कार्यालयमा पेश गर्न सकिनेछ । रीतपूर्वक पर्न आएका सिलबन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको १:०० बजे बोलपत्रदाता वा निजको प्रतिनिधि र नेपाल सरकारको कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आशिंक रुपमा स्वीकृत गर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ । पारित भएका करका दररेट बोलपत्र फारम साथ उपलब्ध गराइने छ र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्नहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ॥

तपशील

| ठेक्का नं. | विवरण (शीर्षक) | उत्खनन् परिमाण (क्यु फिट) | कूल न्यूनतम अङ्क (मु.अ.कर बाहेक) | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| ०१/आन्तरिक आय/२०७९/०८० | नुवाकोट जिल्ला, तादी गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका खोला तथा नदीहरुबाट संकलन र विक्री हुने ढुङ्गा, बालुवा, गिट्टी, ग्राभेल, स्लेट ढुङ्गा, आदि नदीजन्य पदार्थहरु र कवाडी एवं अन्य वस्तुमा कर असूल गर्ने<br>क. ढुंगा, गिटी, बालुवा, ग्राभेल संकलन र विक्री कर प्रति क्यु फिट रु ९।०० का दरले<br><br>ख. कवाडी तथा अन्य वस्तुमा निकासी कर रु .............................<br>१. ब्लक प्रति गोटा रु ०।५० (पचास पैसा)<br>२. पानी प्रति लिटर रु ०।१० (दश पैसा)<br>३. पानी प्रति जार रु १।०० (एक रुपैयाँ)<br>४. मदिरा सिसी प्रति गोटा रु १।०० (एक रुपैयाँ)<br>५. प्लाष्टिकजन्य पदार्थ प्रतिकेजी रु ०।५० (पचास पैसा)<br>६. फलाम प्रति केजी रु १।०० (एक रुपैयाँ)<br>७. सिलौवर, जस्ता प्रति केजी रु १।०० (एक रुपैयाँ)<br>८. तामा, पित्तल प्रति केजी रु २।०० (दुई रुपैयाँ)<br>९. कागज प्रति केजी रु ५।०० (पाँच रुपैयाँ)<br>१०. हाड, सिंग, खुर प्रति केजी रु २।०० (दुई रुपैया)<br>११. इटा लोकल प्रति गोटा रु ०।२० (बिस पैसा)<br>१२. इनारको रिंग प्रति गोटा रु ५।०० (पाँच रुपैयाँ)<br>१३. मेशिनबाट उत्पादित इटा प्रति गोटा रु ०।२५ (पचिस पैसा)<br>१४.खानी सन्चालन गरी विक्री गरेको माटो प्रति घ.फि. रु ०।८० (असि पैसा) | २,०५,५९०।५० | रु. १८,५०,३१४।५० (रु अठार लाख पचास हजार तिन सय चौध रुपैया पचास पैसा मात्र)<br><br>रु. १,००,०००।०० (एक लाख मात्र) | रु १००० (एक हजार) |
| | कुल जम्मा | | रु. १९,५०,३१४।५० (रु अन्नाईस लाख पचास हजार तिन सय चौध रुपैया पचास पैसा मात्र) | |

**शर्त तथा बन्देज**

१. सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२:०० बजेभित्र बोलपत्र यस कार्यालयमा पेश गरिसक्नु पर्नेछ ।

२. नेपाल सरकार, बागमती प्रदेश सरकार र तादी गाउँपालिकाले समय समयमा दिएको निर्देशन बोलपत्रदाताले पालन गर्नु पर्नेछ ।

प्रियाश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत

३. ठेकेदार र गाउँपालिका बिच ठेक्का शर्त सम्बन्धमा कुनै विवाद उठेमा कार्यपालिकाको निर्णय अन्तिम र मान्य हुनेछ । यसमा ठेकेदारकोकुनै उजुर लाग्ने छैन । बोलपत्र स्वीकृत भई सम्झौता हुँदा वातावरण संरक्षण ऐन, नियमावली लगायत प्रचलित ऐन नियम अनुसारका शर्त तथा बन्देज समेत पालन गर्नु पर्नेछ ।

४. फर्मले कबोल गरेको अंकको मू.अ.कर बापतको रकम चौमासिक रुपमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा बुझाई सो को प्रमाण प्रत्येक चौमासिक भुक्तान भएको महिना दिन भित्र गाउँपालिकामा बुझाउनु पर्नेछ र अन्य कर शुल्क लागेमा ठेकेदार आफैंले असूल गरी प्रचलित कानून बमोजिम दाखिला गर्नु पर्नेछ ।

५. ठेक्का स्वीकृत भएको ७ दिन भित्र ठेक्का सकार गर्ने फर्मले कबुल अंकको संझौता अगावै ५० प्रतिशत नगदै दाखिला र बाँकी ५० प्रतिशत रकमको लागि २०८० को माघ मसान्तसम्म म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी भएको बैंक जमानत पेश गरेपछि मात्र ठेक्का संझौता गरिनेछ र किस्ता रकम ठेक्का सम्झौतामा तोकिए बमोजिम बुझाउनु पर्नेछ ।

६. कुनै शर्त राखी पेश गरेको बोलपत्र माथि कुनै कारबाही गरिने छैन ।

७. कुनै पनि परिस्थितीजन्य कारण देखाई ठेक्का रकममा मिनाहा वा छुट दावी गर्न पाइने छैन ।

८. बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले आफ्नै नामको फर्मबाट पेश गर्नु पर्नेछ । अन्य कुनै फर्म वा कम्पनीको नामबाट पेश गरेको बोलपत्र मूल्यांकनमा समावेश गरिने छैन ।

९. ठेक्का अवधि गाउँपालिकासंग संझौता भएको मिति देखि २०८० को जेष्ठ मसान्त सम्म रहनेछ ।

१०. यो सूचनामा उल्लेख भएकोमा यसै बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

११. यस सुचना र बोलपत्र कागजातमा उल्लेख भएका विषय यसै सुचना र बोलपत्र कागजात वमोजिम हुने र उल्लेख नभएका विषयहरु प्रचलित संघिय, प्रदेश तथा स्थानीय कानुन बमोजिम हुनेछ ।

प्याश भट्टराई
प्रमुख प्रशासकीय अधिकृत